# लम्कीचुहा नगरपालिका

## पाँचौ नगरसभा अधिवेशनमा प्रस्तुत

## आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम

*उत्पादनमुखि कार्यक्रम : सम्बृद्धिको आधार !*
*एकिकृत विकास : लम्कीचुहाको पूर्वाधार !!*

**नगर सभा बैठकका अध्यक्ष ज्यू,**
**सभाका सचिवज्यू,**
**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु,**
**पत्रकार मित्रहरु,**

सर्वप्रथम लम्कीचुहा नगरपालिकाको यो सम्मानित पाँचौ नगरसभा अधिवेशनमा यहाँहरु सम्पूर्णलाई हार्दिक स्वागत ज्ञापन गर्न चाहन्छु ।

लम्कीचुहा नगरपालिकाको ऐतिहासिक पाचौ नगरसभाको अधिवेशनसम्म आईपुग्दा विगतका नगरसभाहरुले पारित गरेका नीति, कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्दै जाँदा लम्कीचुहा नगर बासीहरुको सुन्दर सपनालाई दिगो विकासको लक्ष्य अनुरुप सार्थक तुल्याउन विविधतामा एकताको सुत्रमा गोलबन्ध भई हामी सबै नगरवासी एक हौ भन्ने भावनाबाट ओतप्रोत भई जनताको नाममा शपथ खाएको ऐतिहासिक दिनदेखि यस सम्मानित पाँचौ नगरसभा अधिवेशनमा उपस्थित भएको यो महत्वपूर्ण घडीमा विकासका गतिलाई अतुलनिय सहयोग पुर्‍याउनु हुने नगरसभाका सबै सदस्य ज्यूहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस अवसरमा देशको राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, सामाजिक परिवर्तन, निरंकुशता, समानता एवं सामाजिक न्यायको निमित्त अर्थात संघियताको लडाईमा स्थानीय स्वशासन अधिकार प्राप्तीका लागि र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमुल्य जीवनको शाहदत बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिद, घाइते, अपाङ्ग, वेपत्ता नागरिकप्रति उच्च सम्मान र आदर प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै देशको आमुल परिवर्तनको लडाईमा साहसिक यात्रालाई निरन्तर जारी राख्दै समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने देशका सम्पूर्ण नेताहरू, नागरिक समाज, सञ्चार जगत र सम्पूर्ण नेपाली जनसमुदायलाई उच्च सम्मानका साथ प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु ।

यसका साथै लम्कीचुहा नगरपालिकालाई नमुना नगरपालिका बनाउन बिना स्वार्थ जनताको मतको कदर गर्दै आफ्नो राजनितिक जीवनको यात्रामा सर्वस्व नगरबासी जनताको हित, कल्याण र नगरको समुन्नत विकासका लागि जस्तो सुकै परिस्थितीमा पनि अगाडी बढ्ने मेरो अठोट कदमलाई सदैब निरन्तर साथ सहयोग र सकारात्मक रुपमा कलम चलाई परिवर्तनको पक्षमा आवाज बुलन्दित गर्नु हुने संचारकर्मी मित्रहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु । लम्कीचुहा नगरपालिकाको विगतका नगरसभामा मैले प्रस्तुत गरेका विकासका योजनाहरुलाई सहजताका साथ सम्पन्न गर्न नगरबासी जनताले जुन ढंगले सहयोग गर्नु भएको छ, यो ऐतिहासिक समय र कालखण्डलाई जिवन्त स्मरण गरिरहने छु । जनताको सहयोग र समर्थन बिना सामाजिक विकास र परिवर्तन असम्भव हुने भएकाले जनताप्रतिको सद्भाव नगरपालिकामा पदबहाल रहुञ्जेल सम्म सदैब शिरोधार्य राख्ने छु । स्थानीय तहको निर्वाचित भई पदभार समालेको तीन वर्षगाँठमा प्रवेश गर्दा नगरवासीले दिएको सौगातपूर्ण माया र ममताबाट प्रेरित भई मैले नगरलाई एकिकृत विकासको रुपमा अगाडी बढाई

नगरको गौरवलाई उच्च राख्न आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले आफुलाई ठुलो हर्ष उल्लाश महशुस गरेको छु ।

स्थानीय तहको निर्वाचन पछि लम्कीचुहा नगरपालिकाको पाँचौ नगरसभा अधिवेशमा नीति तथा कार्यक्रम पेश हुदै छ । अघिल्लो बर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि लम्कीचुहा नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नगरसभा, नगरकार्यपालिका, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, विषयगत शाखा, वडा अध्यक्ष, नगर कार्यपालिकाका सदस्य, वडा सदस्य, कर्मचारी संयन्त्र तथा मेरो सचिवालयबाट समेत गतिशिलताका साथ कार्य भई आएको व्यहोरा सराहानिय छ । नगरद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिबी, स्वयंसेवी, नागरिक समाज र आमसंचारको भूमिका अझ महत्वपूर्ण नै छ । यि सवै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, लम्कीचुहा नगरपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको निति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विभिन्न राजनितिक दलका प्रतिनिधि, संघ/संस्था तथा संगठनका प्रतिनिधि लगायतका समाजसेवि बुद्धिजिवीहरुको सुझावहरु समेतलाई संकलन गरी आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मूख्य आधार बनाई कार्यान्वयन गर्नका लागि लम्कीचुहा नगर सरकारले दुरदृष्टिका साथ अगाडी बढने लक्ष्य लिएको छ ।

लम्कीचुहा नगरपालिका सर्वांगीण दिगो विकास र सम्वृद्धिको मार्गमा द्रुत गतिले अगाडी बढोस भन्ने नगरबासी सबैको चाहनाको विषय हो । लम्कीचुहा नगरलाई विकास निर्माणका पूर्वाधारहरुबाट समुन्नत बनाई **"समृद्ध नगर खुशी नगरवासी"** को नारालाई शिरोधार्य गर्दै सुन्दर शहरीकरणको रुपमा स्थापित गर्न नगरबासी जनता एक आपसमा हातेमालो गर्दै शसक्त ढंगले एकताबद्ध हुन हार्दिक अपिल गर्दछु । यस नगर क्षेत्रभित्र स्वच्छ खानेपानी, फोहोरमैला व्यवस्थापन, कृषिमा आधुनिकिकरण, पर्यटकिय क्षेत्रको विकास, उर्जा आपूर्ति, सूचना प्रविधि, सिचाई, पुल, सडक कालोपत्रे, विद्युत, शिक्षा, यातायात, नदी कटान व्यवस्थापन, साँस्कृतिक सम्पदाको संरक्षण लगायत महिला, दलित, अपांग, बालबालिका, जनजाति, जेष्ठ नागरिक, मद्येशी, मुस्लिम र युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न र विकासका योजनाहरुलाई एकिकृत योजनाका साथ सम्बोधन गरी अगाडि बढने योजना बनाएको छु ।

लम्कीचुहा नरपालिकाको आगामी आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम बनाउँदा एकिकृत विकासको नारालाई बृहत्तर योजनामा समाहित हुने गरि सोहि अनुसारका नीति तथा कार्यक्रमहरु यस गरिमामय नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु :

१ नेपालको संविधान २०७२ को अनुसुचि ८ र ९ मा व्यवस्था भएका स्थानिय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु एवं राज्यको निर्देशन सिद्धान्त र नीतिहरु,

२ संघिय सरकारले अंगिकार गरेको पन्ध्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,

३ संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,

४ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य वित्तिय नीतिहरु ।

५ स्थानिय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था,

६ प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ,

७ नगर कार्यपालिकाको आयोजनामा स्थानिय राजनितिक दल, समाजसेवी, बुद्धिजिवी तथा संघ संस्थाका प्रतिनिधिहरुको भेलाबाट आएका नितिगत सुझावहरु,

८ टोलबस्ती तथा वडा भेलाबाट प्राथमिकिकरण गरी आएका योजनाहरु,

९ विषयगत समितिको बैठकबाट आएका महत्वपूर्ण नीतिगत विषयहरु,

१० राजश्व परामर्श समितिको बैठकका निर्णयहरु,

११ हालसम्मका नगरसभाहरुले पारित गरेका निर्णयहरु,

१२ नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका विषयहरु,

१३ बजेट तर्जुमा दिग्दर्शन २०७४,

## नगर विकास कार्यक्रमिक नीतिहरु

१ लम्कीचुहा नगरपालिकाका नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै जनमुखी सेवाको अनुभुती गराईने छ ।

२ आर्थिक समृद्धि र विकासका लागि **आफ्नो टोलबस्ती आफै वनाऔं** भन्ने भावनालाई मूर्तरुप दिन जनसहभागीता वृद्धि, स्थानीय स्रोत साधनको प्रयोग तथा पारदर्शिता र जनलेखा परिक्षण प्रणालीलाई प्रभावकारी वनाईने छ ।

३ लम्कीचुहा नगरक्षेत्र भित्रको अव्यवस्थित बसोवास गरि जविनयापन गरेका सुकम्बासी, मुक्तकमैया, बादी समुदाय तथा भुमिहिन समुदायलाई उचित किसिमको बस्ती व्यवस्थापन गर्न **भु-उपयोग नीति** बनाउन आवश्यक पहल गरिनेछ ।

४ नगर क्षेत्रभित्र निर्माण हुने निजि तथा सार्वजनिक भवनको भुकम्प प्रतिरोधात्मक नक्सांकनलाई अनिवार्य गरी **बालमैत्रि तथा अपाङ्गमैत्री** सार्वजनिक भवनमा जोड दिइनेछ ।

५ दक्ष जनशक्ति उत्पादन, रोजगारी र उद्यमशीलताको विकास, सहरी पूर्वाधार निर्माण र समाजमा व्याप्त विभेद, शोषण र उत्पीडनको अन्त्य गरी समृद्ध, समुन्नत समाज निर्माणको आधार तयार गरिने छ ।

६ लम्कीचुहा नगरपालिकाका समग्र गतिबिधि तथा कार्यक्रमहरु जनताको हितमा हुने गरी सामाजिक, आर्थिक, साँस्कृतिक र राजनितिक रुपमा पछाडि परेका मुक्तकमैया, बादी समुदाय, सुकुम्बासी, विपन्न घरपरिवार, अनाथ, असहाय, दलित, महिला, बालबालिका तथा श्रमिक वर्ग समुदायहरुलाई प्राथमिकतामा राखी लक्षित वर्गलाई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७ लम्कीचुहा नगरपालिकाको काम कारबाहीमा विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, आर्थिक सुशासन तथा सामाजिक न्यायको सिद्धान्तलाई अंगिकार गरिनेछ ।

८ लम्कीचुहा नगरपालिकाका जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप, क्षमता र स्रोत साधनलाई बढवा दिई कृषिलाई आधुनिकीकरण गरी व्यवसायिमुखी बनाउने नीति अवलम्बन गरिनेछ ।

९ सुन्दर नगरपालिका निर्माणको अभियानलाई सार्थक तुल्याउन **Green and Clean City** सहितको शहरीकरण नीति आत्मसाथ गर्दै एक घर, पाँच बिरुवा वृक्षारोपण गर्ने नीति लिइनेछ ।

१० नगरपालिकाभित्र कुनै पनि भौतिक निर्माण तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा जैविक, बातावरणीय तथा प्राकृतिक पक्षलाई विशेष ध्यान दिदै दिगो विकासको अवधारणा आत्मसाथ गरिनेछ ।

११ नगरपालिकाको आर्थिक समृद्धिलाई बलियो बनाई विकासका पूर्वाधारहरु दिगो रुपले संचालन गर्न जनताले तिर्ने व्यवसायिक सेवा शुल्कको दायरालाई फराकिलो बनाई लागु गरिने छ ।

१२ **वडा-वडामा कृषि प्राविधिक, टोल-टोलमा टोल विकास संस्था**, **वडावडामा नगर स्वास्थ्य केन्द्र, बस्ती-बस्तीमा सुविधा सम्पन्न खोप केन्द्र,** निर्माण गर्ने अभियानलाई निरन्तरता दिईनेछ ।

१३ **विकासमा जनताको सहभागिता गराउन** नगरपालिकाको जुनसुकै योजनाहरुमा कम्तिमा १० प्रतिशत श्रमदानको नीति बनाइने छ ।

१४ नगरपालिकालाई भ्रष्टाचारमुक्त बनाउन शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

१५ नगर निर्माणको कार्यमा विभिन्न तहका योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागीता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

१६ नगरपालिकाका वडाहरुको कार्य संचालनका लागि नियमित प्रकृतिका गर्नु पर्ने चालु खर्चहरुको मासिक सिमा सहित वार्षिक सिलिङ् निर्धारण गरिने छ ।

१७ नगरपालिकाका वडाहरुको कार्यसम्पादन, राजश्व प्राप्ती र राजश्व दाखिला लगायतका सुचाङ्कका आधारमा वडा स्तरको अर्धवार्षिक कार्यसम्पादन समिक्षा गरिने छ ।

१८ वजेट विनियोजन भएका हरेक कार्यक्रम र योजनाका हकमा योजना भएमा सम्झौता तथा कार्यक्रम भएमा प्रस्ताव सहित स्वीकृत भएपछि मात्र कार्य लागु गर्ने, गराउने व्यवस्था गरिने छ साथै तोकिएको समयमै कार्य सम्पन्न गर्न अभिप्रेरित गरिने छ र तोकिएको समयमा सम्पन्न नगर्नेका हकमा उक्त कार्यक्रम वा योजनालाई अर्को कार्यक्रम बनाई रुपान्तरण गर्न सकिने छ ।

१९ लम्कीचुहा नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक ऋण तथा अनुदान लिन सकिने छ ।

२० स्वरोजगारका कार्यक्रमहरु संचालन गरिनेछ ।

२१ सहकारीता प्रवर्द्धन गर्दै स्थानीय रोजगारी सिर्जनामा सहकारीको योगदान अभिवृद्धि गरि **वडा वडा सहकारी : घर घरमा रोजगारी** को नीति लागू गरिनेछ ।

२२ उपभोक्ता अधिकार संरक्षण गर्दै गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धताका लागि नगर क्षेत्रको बजार अनुगमन  गर्न बजार कार्यलाई निरन्तरता दिई वस्तु तथा सेवाको गुणस्तर कायम गरिने छ ।

२३ **जनताको करको कदर : भ्रष्टाचारमुक्त नगर** अभियानलाई निरन्तरता दिईनेछ ।

२४ **कृषिमा आधुनिकिकरण : सिचाईमा लगानी** नीति आत्म साथ गर्दै संभाव्य सबै कृषि योग्य भूमिमा सिचाई सुविधा उपलब्ध गराउन प्रयत्न  गरिनेछ ।

२५ **स्वस्थ्य जिवनको आधार : खेलकुदको विकास** भन्ने नारालाई आत्मसाथ गरी एक वडा एक खेलकुद मैदान अनिवार्यता गर्ने नीति लिईनेछ ।

२६ **जनतासँग हातेमालो विकास**लाई मूर्त रुप दिन आवश्यकतामा आधारित स्थानीय स्तरको योजनाहरुमा समुदायले ४० प्रतिशत योगदान सुनिश्चित गरेमा ६० प्रतिशत नगरपालिकाले लगानी गर्ने गरि योजना सञ्चालन गरिनेछ ।

२७ **एक वडा : एक उत्पादन क्षेत्र** कार्यक्रम लागु गरी आधुनिक तथा व्यवसायिक/ सामुहिक खेति प्रणालीलाई विशेष जोड दिइने छ ।

२८ लम्कीचुहा नगरपालिकाको राजश्व संकलन सुदृढीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै  लगिनेछ ।

**२९** सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गरिनेछ ।

३० व्यवसायीहरुलाई प्रोत्साहन गर्ने गरी स्वैच्छिक सेवाशुल्क दस्तुर बुझाउने परिपाटीको विकास गरिने ।

३१ साविकमा नेपाल सरकार आन्तरिक राजस्व विभागले समेत संकलन गर्दै आएको घर बहाल करलाई संविधानतः लम्कीचुहा नगरपालिका क्षेत्रभित्रको हकमा एकल रुपमा नगरपालिकाबाट संकलन   गरिनेछ । सेवा शुल्क दस्तुर, राजश्व सम्बन्धी स्पष्ट, कानून, कार्यविधि, मापदण्ड र संस्थागत संरचना बनाईनेछ ।

३२ लगानीमैत्री कर नीति ल्याइनेछ ।

३३ लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ मा संचालित केहि अधुरा योजनाहरुलाई क्रमागत योजनामा समावेश गरि आर्थिक वर्ष २०७६/०७७ मा पनि निरन्तरता दिईनेछ ।

३४ योजनाको सम्झौता नगरी योजना कार्यन्वयन गरेको पाईएमा वा सम्झौता अनुसारको योजना संचालन हुन नसकेमा योजना स्वतः रद्द गरिने छ ।

३५ मुख्य सडकहरुमा विभिन्न संघ संस्था तथा निकायहरुबाट आफ्नो बार्षिक कार्यक्रम अन्तरगत कार्य गर्दा पिचबाटो भत्काएमा त्यसलाई यथाशिघ्र पिच गर्ने गरी निर्माण व्यवसायी सँग सम्झौता गरी कार्य सञ्चालन गरिनेछ ।

३६ जग्गाको खण्डीकरणलाई रोक्ने नीति अवलम्बन गर्दै चक्लाबन्दीलाई प्रोत्साहीत गरीने   छ ।

३७ संविधानमा उल्लेख भएवमोजिम प्रदेश तथा संघिय सरकारवाट अधिकार प्रत्योजित भए अनुरुप उपयुक्त कार्यविधि मार्फत नापी नक्सा, घरजग्गा धनी पुर्जा अद्यावधिक गर्ने र वितरण कार्यको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

३८ नगर क्षेत्रमा रहेका सार्वजानिक जग्गा प्राकृतिक सम्पदा आदि भएको स्थानमा विभिन्न व्यवसायी, व्यक्ति, संघ संस्थाहरुले शुल्क लिई वा भवन वनाई भाडा आर्जन गर्ने गरेका भए त्यस्ता जग्गा एवं सम्पदाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरा गरी नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्वन गरिने छ ।

३९ **एक वन एक उत्पादन** क्षेत्र नीति लागु गरी सामुदायिक वनहरुलाई आय आर्जन तथा उत्पादनमूखी बनाईने छ ।

४० **प्रत्येक विद्यालयमा योग** कक्षा सञ्चालन तथा योग शिविर संचालन कार्यक्रममा विशेष जोड दिइनेछ ।

४१ उच्च र दिगो उत्पादन तथा उत्पादकत्वमा विशेष जोड दिईनेछ ।

४२ उपभोक्ता समिति गठन गर्दा लगातार एउटै व्यक्ति अलग अलग उपभोक्ता समितिको अध्यक्ष हुन नपाउने र उपभोक्ता समिति गठन गर्दा निर्माण व्यवसायी, वहालवाला शिक्षक, वहालवाला कर्मचारी, जनप्रतिनिधीहरुलाई उपभोक्ता समितिका पदाधिकारीमा राख्न नपाउने व्यवस्था कडाइका साथ लागु गरिने छ ।

४३ लागु औषधि दुर्व्यसनिलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

४४ लम्कीचुहा नगरपालिकाको कुनै एक वडा खरमुक्त वडा घोषणा गरिनेछ ।

४५ लागु पदार्थ दुर्व्यसनीहरुलाई सुधार गर्नका लागि कुनै संघ संस्था वा व्यक्तिले पुनर्स्थापना केन्द्र सञ्चालन गर्न चाहेमा सो व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४६ घर नक्सा पास गर्दा नगर क्षेत्र भित्रको लिंक (भित्री) सडक क्षेत्रको किनार देखि १० (दश) फिट जग्गा छोडेर घर निर्माण गर्नुपर्नेछ । घर नक्सा पास गरेर मात्र घर निर्माण कार्यको सुरुवात गर्नुपर्ने नीति लागु गरिनेछ ।

४७ नगर क्षेत्रभित्रको शान्ति सुरक्षालाई व्यवस्थित रुपमा प्रभावकारी बनाउन गर्नका लागि नगर प्रहरी गठन गर्ने नीति अवलम्बन गरिनेछ ।

## क.आर्थिक विकास क्षेत्र

**कृषि विकास कार्यक्रम :**

१ कृषकहरुको मागको आधारमा एक वडा एक उत्पादन कार्यक्रम लागु गरिने छ ।

२ लक्षित वर्ग/समुदाय (महिला, युवा, दलित, आदिवासी जनजाती, अपाङ्ग, जेष्ठ नागरिक, निम्म वर्ग) ले समुह गठन गरी सञ्चालन गरेका फलफुल खेति (आँप, लिची, केरा, कागती आदी) लाई उत्पादन तथा आम्दानी नहुञ्जेल सम्मका लागि प्रोत्साहन स्वरुप नगद अनुदानका रुपमा जग्गा भाडा उपलब्ध गराई प्रोत्साहन गरिने छ ।

३ किसानहरुको हितलाई मध्यनजर गरी **तिन बालि खेति** अवधारणालाई प्राथमिकतामा राखी चैत्ते धान, कोषे बालि, मकै खेति, बेमौसमि तरकारी खेति लगायतका कार्यक्रमका लागि कृषि प्राविधिक, विउ, विजन, जोताई तथा किटनाशक औषधिहरुमा विशेष अनुदान सहितको **नगर प्रमुख कृषि पकेट कार्यक्रम** लागु गरिने छ ।

४ बगर खेति सम्भाव्य अध्ययन तथा शुरुवाति सहयोग अनुदान कार्यक्रम संचालन गरिनेछ ।

५ युवा लक्षित व्यवसायिक च्याउ खेति अनुदान कार्यक्रम लागु गरिनेछ ।

६ आर्थिक महत्वका प्रमुख खाद्यान्न, फलफुल, तरकारी, माछापालन जस्ता कृषि क्षेत्रमा आत्मनिर्भरता हासिल गर्नको लागि सिचाई आयोजनाको कमाण्ड क्षेत्रभित्र सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७ कृषक पाठशालाको अवधारणालाई अगाडि बढाउने नीति अवलम्बन गर्नुका साथै तरकारी, फलफुल तथा दुग्ध उत्पादनको आधारमा अनुदान दिने निति लिईनेछ ।

८ उर्वर कृषियोग्य जमिनलाई गैरकृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ ।

९ फलफुल विकास कार्यक्रम संचालन गरिनेछ ।

१० आगामी ३ वर्ष भित्र कोल्ड स्टोर र प्रांगारिक प्रमाणिकरण प्रयोगशाला, कृषि उपजहरुको प्रशोधन केन्द्रहरु लगायत सम्पुर्ण पुर्वाधार तथा सुचना प्रणालि सहितको **एकिकृत कृषि बजार** (**Integrated agriculture market**) स्थापना गरि सञ्चालनमा ल्याउन प्रयत्न गरिनेछ ।

११ माटोको उर्वराशक्ति नक्सा तयार गरिने छ र सोही अनुसार कृषकहरुको माटो परिक्षण गरि **माटो स्वास्थ्य पत्र** (**soil health card**) वितरण गरिनेछ ।

१२ कृषकहरुका लागि माटो जाँच गर्न नगरपालिका क्षेत्रभित्र नियमित रुपमा माटो परिक्षण प्रयोगशालाको स्थापना हुनेछ ।

१३ हरेक वडा अर्न्तगत **२० कृषक समुह दर्ता गरि, एक वडा एक "कृषक समुह समन्वय समिति"** बनाई कृषक समन्वय समितिले सुचना प्रबाह तथा कृषि कार्यक्रमको प्रभावकारीताको अनुगमन सम्बन्धमा समन्वयकारी भुमिका निर्वाह गर्नेछ ।

१४ सामुहिक तथा एकल व्यक्तिहरुबाट संचालन हुने व्यवसायको नगरपालिकामा विधिवत रुपमा फर्म दर्ता तथा नविकरणको व्यवस्था हुनेछ ।

१५ प्राकृति प्रकोप, रोगव्याधि वा दुर्घटनाबाट कृषि पशुपन्छीमा हुने क्षतीलाई परिपुर्ति गर्न, ऋण तथा अनुदान प्राप्त गर्न कृषि पशुपंक्षी बीमालाई किसानमूखी बनाई कार्यान्वयनका लागि अभियानका रुपमा अघि बढाइनेछ ।

१६ आलु पकेट क्षेत्र स्थापना तथा विस्तार कार्यक्रम संचालन गरिनेछ ।

१७ खाद्यान्न बाली विकास कार्यक्रमलाई प्रोत्साहन दिईनेछ ।

१८ दलहन र तेलहन पकेट क्षेत्र विकास कार्यक्रम लागु गरिनेछ ।

१९ किसान सहुलियत ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण सहयोग तथा अनुदान कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

२० कृषक सिपविकास कार्यक्रम (आई.पि.एम कृषक पाठशाला) संचालन गरिनेछ ।

**पशु विकास कार्यक्रम :**

२१ सामुदायिक छाडा चौपायाहरुको नियन्त्रण तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२२ पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी संचालन गर्न साविकको चुहा र प्रतापपुर गाविसमा सेवा विस्तार गरिनेछ ।

२३ पशु विकास अनुदान कार्यक्रममा सञ्चालन गरिनेछ ।

२४ पशु उपचार सेवालाई स्थानीय स्तरमा विस्तार बनाई सहज, सरल पहुँच कायम गरिनेछ ।

२५ निःशुल्क पशु बन्ध्याकरण कार्यक्रमलाई अभियानका रुपमा शुरु गरिनेछ ।

२६ लक्षित वर्गको जीवनस्तर सुधार गर्न आय आर्जनका कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

२७ व्यवसायिक पशु पालन कृषकहरुका लागि गोठ तथा खोर सुधार कार्यक्रम ल्याईने छ ।

२८ खुला रुपमा छरिएका मासु पसलहरुलाई व्यवस्थित बनाउन मासु व्यवसायिहरुलाई मासु पसल सुधार अनुदान कार्यक्रम दिईने छ ।

२९ पशुहरुको उत्पादकत्व क्षमता अभिवृद्धि गर्न कृषक समूह, समिति, फर्ममा घाँस विकासका कार्यक्रमहरु लागु गरिने छ ।

३० कृषकहरुलाई आधुनिक पशु व्यवसाय कार्यक्रम संचालन गर्न क्षमता विकास तालिमहरुको व्यवस्था गरिने छ ।

३१ व्यवशायिक रुपमा दर्ता भई सञ्चालन भएका पशु फर्म तथा व्यवशायिहरुलाई प्रोत्साहन स्वरुप नगद अनुदानका रुपमा जग्गा भाडा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**सहकारी तथा गरिबी निवारण कार्यक्रम :**

३२ सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंक तथा सहकारीहरू संगको सहकार्यमा **नगर समृद्धिको यात्रा : बैंक, वित्तिय सहकारी संस्था** को नारालाई सार्थक पारिनेछ ।

३३ दैनिक उपभोग्यवस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र बिक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न पहल गरिने छ ।

३४ नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थासागको समन्वयमा सरल र विनाधितो ऋणको व्यवस्थाका लागि पहल गरिने छ ।

३५ गरिब तथा विपन्न (दाउरा बेच्ने, सडक किनारमा जुत्ता चप्पल सिलाउने, कोइला उत्पादन गरी बेच्ने तथा सडकको खुला आकाश मनि फुटकर फिरन्ते सामान बेच्ने) परिवारका **सबैको अधिकार, घरबारी सहितको परिवार** भन्ने कार्यक्रम संचालन गरी आयआर्जनमुखि शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

३६ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न बिशेष नीति अबलम्बन गरीने छ ।

३७ **वडा वडामा सहकारी : घर घरमा रोजगारीको** नीति अवलम्वन सहकारी आर्यआर्जन कार्यक्रमलाई विशेष जोड दिइने छ ।

३८ हरेक सहकारीको लेखा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक तालिम प्रदान गरी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ ।

३९ सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वृद्धिको मेरुडण्डको रुपमा विकास गरिनेछ ।

४० नगरका विपन्न र सिमान्त परिवारको पहिचान गरी **गरिवी परिचयपत्र** प्रदान गरिनेछ

४१ गरिवी निवारणका लागि विपन्न लक्षित क्षमता विकास कार्यक्रम सन्चालन गर्ने नीति लिईनेछ । यसका लागि स्थानीय उद्यमशिलता, सिप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमवाट स्थानीय उत्पादन अभिवृद्धि गरी स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिनेछ । शहरी गरिवी निवारणको लागि सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ ।

**पर्यटन विकास कार्यक्रमहरु**

४२ नगर उद्यान मोहनलाल सामुदायिक वन क्षेत्रलाई पर्या-पर्यटनको विकास गर्न नगर उद्यान (जैविक पार्क) निर्माणका लागि क्रमागत रुपमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४३ नगरपालिकालाई पर्यटकिय गन्तव्यका रुपमा आकर्षण गर्न चिसापानी कर्णाली पर्यटकिय पूर्वाधार विकास कार्यक्रम संचालन गर्नमा जोड दिईनेछ ।

४४ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थल हरुको विकास गरी पर्यटकीय क्षेत्रहरुमा नीजि, सार्वजनीक साझेदारीमा सडक, अतिथि गृह, विश्राम स्थल, पुरातत्व तथा कला संस्कृतिको जर्गेना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

४५ **बसेरा थारु होम-स्टे** बल्चौरको संस्थागत विकास गर्न विशेष जोड दिईनेछ ।

४६ नगर क्षेत्रभित्रका विभन्न मठ मन्दिर, चर्च, सत्संग भवन, लगायतका धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धनमा कार्यक्रममा जोड दिइने छ ।

४७ पर्यटन विकासका लागि कर्णाली नदिमा ऱ्याप्टिङ्गको ठूलो सम्भावना रहेको हुँदा सो को विकास तथा प्रवर्द्धनका लागि बिशेष पहल गरिनेछ ।

४८ नगरपालिकाको मूख्य पर्यटकिय क्षेत्र कर्णाली चिसापानीमा राष्ट्रियता र स्थानीय पहिचान झल्किने गरी प्रदेश प्रवेशद्वार निर्माणका लागि पहल गरिनेछ ।

**उद्योग तथा वाणिज्य कार्यक्रम :**

४९ डुडेझारी बल्चौर क्षेत्रमा औधोगीक क्षेत्र स्थापना गर्न विशेष पहल गर्नुका साथै थप सम्भाव्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

५० स्थानीय स्तरमा पाउरोटी, चाउमिन, हौजियारी सिलाई कटाई ,हाते कडाई, वुनाई,मैनवत्ति निर्माण,जस्ता साना, घरेलु तथा लघु उद्यमीहरुका लागि उत्पादनमुलक क्षेत्रमा प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीति अबलम्बन गरीने छ ।

५१ नगर क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता नविकरण कार्य लाई व्यवस्थीत गर्ने नीति अवलम्बन गरीने छ ।

५२ स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।

५३ सार्वजनीक, नीजि साझेदारीको सहकार्यमा जोड दिइने छ ।

५४ कृषि तथा वनजन्य उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ ।

५५ जलवायु अनुकुलन तथा नागरिक मैत्री प्रदुषणरहित उद्योग स्थापनामा जोड दिइनेछ ।

५६ ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहका रोजगारी सृजना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

५७ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यापार, व्यवसाय, उद्योग दर्ता, अनुगमन र प्रबर्द्धन गरी साना तथा घरेलु उद्योग सन्चालनको उचित वातावरण मिलाईनेछ ।

५८ निजीक्षेत्रवाट सञ्चालन गरिएको तर हाल बन्द भई जिर्ण अवस्थामा रहेको वासुलिङ्ग सुगर मिल पुनः सञ्चालनमा नगरपालिकावाट बिशेष पहल गरिनेछ ।

## सामाजिक विकास क्षेत्र :

### शिक्षा विकास तर्फ

५९ शिक्षामा गुणस्तर कायम गर्न नमुना विद्यालय छनौट कार्यविधि लागु गरि आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ ।

६० सामुदायिक विद्यालयमा आधारभुत तह (कक्षा १ देखि ८ सम्म) निशुल्क पठनपाठनको व्यवस्था गर्न आवश्यक कार्यविधि निर्माण गरि विषयगत दरबन्दीको आधारमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरिने छ ।

६१ निजी विद्यालयहरुले मापदण्ड अनुरुप कार्यसञ्चालन गरे नगरेको अनुगमन गरी आवश्यक मापदण्ड पुरा गर्ने विद्यालयहरु प्रोत्साहित गरिनेछ ।

६२ नगर क्षेत्रभित्रका अनाथ/असहाय बालबालिकाहरुको पहिचान गरि उचित व्यवस्थापनका लागि यसै वर्षदखि पहल गरिनेछ ।

६३ नगरक्षेत्रभित्र रहेका ६० वर्ष मुनिका सबै नागरिकलाई साक्षर बनाई यसै वर्षभित्र साक्षर नगरपालिका घोषणा गरिनेछ । यसका लागि आवश्यक बजेटको समेतको व्यवस्था गरिनेछ ।

६४ शैक्षिक सुचकांक, सिकाई उपलब्धी, शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता, पारदर्शि लेखा प्रणाली समेतका आधारमा उत्कृष्ट विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ मापदण्ड एवं गुणस्तरमा कमजोर विद्यालयहरुलाई गाुणस्तर सुधारका लागि कडा नियमन गरिने छ ।

६५ सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको आचा**र संहिता (Code of Conduct)** बनाई लागू गरिनेछ ।

६६ प्रचलित ऐन तथा नियमावली अनुसार आवश्यकताका आधारमा विद्यालय खोल्ने, मर्ज गर्ने, कक्षा थप गर्ने र तह घटाउने जस्ता कार्य अनुगमन र मूल्यांकनको आधारमा गरिनेछ ।

६७ लम्कीचुहा नगरभित्र संचालित सामुदायिक विद्ययालयहरुको क्षमता पहिचान गरी कृषि प्राविधिक तथा सीपमुलक शिक्षालय स्थापना गर्न आवश्यक प्रयत्न गरिनेछ ।

६८ सामुदायिक विद्यालयका लागि आवश्यक सूचना प्रविधि, सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, शौचालय आदिको व्यवस्था विद्यार्थी संख्याको अनुपातमा गरिनेछ ।

६९ लम्कीचुहा नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयमा दलित, विपन्न, गरिबी, अपाङ्ग, असहाय तथा जनयुद्ध, जनआन्दोलनमा घाईते, वेपत्ता तथा शहिद परिवारका जेहेन्दार विद्यार्थीहरुको लागि **नगर प्रमुख छात्रवृत्ति पुरस्कारको** व्यवस्था गरिनेछ **।**

७० नगरक्षेत्रभित्र उपयुक्त ठाउँको पहिचान गरि **सामुदायिक पुस्तकालय र ई लाईवेरीको** स्थापना गर्न पहल गरिनेछ ।

७१ संस्थागत विद्याललयमा अध्ययनरत सुकुम्वासी, मुक्त कमैया, दलित, अशक्त तथा असहाय विद्यार्थीहरुका लागी **विशेष छात्रवृत्ति** प्रदान गर्न पहल गरिनेछ ।

७२ नगरक्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गरिने छ ।

७३ नगरपालिका भित्र संचालित सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, संरक्षण, सम्वर्द्धन र संचालनमा विशेष जोड दिइनेछ ।

७४ संस्थागत विद्यालयहरुलाई श्रेणीकरण गरी न्युनतम मापदण्ड पूरा नभएका विद्यालयहरुको अनुमति खारेजी र तह घटाउन सकिने छ ।

७५ विद्यालयहरुमा योग शिक्षा संचालन कार्यक्रम अनिवार्य लागु गरिनेछ ।

७६ पर्याप्त भौतिक पूर्वाधार नभएका सामुदायिक विद्यालयहरुलाई प्राथमिकताको आधारमा भौतिक रुपमा शुदृढिकरण गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

७७ शिक्षक तथा बालविकासका सहजकर्ताहरुको क्षमता विकासका लागि छोटो अवधिका पुर्नताजगि तालिम संचालन गरिनेछन ।

७८ **IEMIS (Integrated Educational Management Information System)** लाई प्रभावकारी रुपमा व्यवस्थापन एवं प्रयोग गरिनेछ ।

७९ विद्यालयको वातावरण सफा, स्वच्छ र हराभरा राख्न प्रोत्साहित कार्यक्रम अर्न्तगत सामुदायिक विद्यालयको शौचालय सरसफाई कार्यको लागि वार्षिक रु.२४०००।- का दरले सामुदायिक विद्यालयलाई अनुदान दिईने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८० विद्यालयलाई विद्यार्थी संख्या र भैगोलिक दुरी लगायतका मापदण्डको आधारमा अनिवार्य समायोजन (Merge) को कार्यक्रमलाई कार्यान्वयन गरिने छ ।

८१ विद्यालयको वातावरण हरियाली बनाउन विद्यालय हाताभित्र वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

८२ शिक्षा दिवसको महत्वपूर्ण अवसरमा वार्षिक रुपमा उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने विद्यालयलाई नगरपालिकाद्धारा सम्मानित गरिने कार्यक्रलाई निरन्तरता दिईनेछ ।

**खेलकुद विकास कार्यक्रम :**

८३ **एक वडा एक खेलकुद मैदान** नितिलाई जोड दिदै नगरबासीलाई शारिरीक र मानसिक रुपले तन्दुरुस्त राख्न प्रत्येक वडामा व्यवस्थित खेल मैदानको निर्माण गर्न पहल गरिनेछ ।

८४ नगर स्तरिय खेलकुद विकास समितिद्धारा सप्ताहव्यापी **मेयर कप** खेलकुद महोत्सव संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८५ सामुदायिक विद्यालयहरुमा खेलकुद तथा अतिरित्त क्रियाकलापहरु अनिवार्य रुपमा संचालन गर्न लगाइने छ ।

८६ चिसापानीमा पर्यटकिय क्षेत्रमा व्यवस्थित खेलकुद मैदानको व्यवस्था गरिनेछ ।

८७ **उपमेयर भलिबल खेलकुद** प्रतियोगिता संचालन गरिनेछ ।

८८ प्रत्येक वडामा फरक-फरक खालका **वडाध्यक्ष खेलकुद कप** संचालन गरिनेछ ।

८९ नगर खेलकुद विकास समितिको संचालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ

**स्वास्थ्य विकास कार्यक्रमहरु :**

९० लम्कीचुहा नगरपालिका वडा नं. १० मा निर्माणधिन दीर्घकालिन रुपमा संचालन हुने ५० शैंयाको सामुदायिक अस्पतालका लागि क्रमागत योजनाको आधारमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

९१ बलिया स्वास्थ्य चौकी स्तरोन्नती गरि आधुनिक सुविधा सम्पन्न १५ शैयाको अस्पताललाई यसै वर्षदेखि संचालनमा ल्याई नागरिकलाई चौविसै घण्टा सेवा उपलब्ध गराईनेछ ।

९२ **सुत्केरीसंग उपमेयर** कार्यक्रम अर्न्तगत सुत्केरी महिलाहरुलाई पोषढ स्वरुप १ (एक) के.जी घ्यु उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९३ नगरपालिकाका सबै वडामा अवश्यक दक्ष जनशक्ति, औषधी, उपकरण, प्रविधी र स्वस्थ्यकर्मी सहितका आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिने छ । टोल-टोलमा व्यवस्थित खोप केन्द्र, प्रजनन स्वस्थ्य, सुरक्षित मातृत्व एवम बाल तथा शिशु स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

९४ लम्कीचुहा नगरलाई कुपोषण रहित बनाउन **पोषण तथा साथ कार्यक्रम** सञ्चालन गरिनेछ ।

९५ गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढंगले उपलब्ध गराइनेछ ।

९६ अनियन्त्रित रुपमा बिक्री वितरण भैराखेको मदिराको नियन्त्रण गरि निश्चित ठाउँ/पसलमा मात्र बिक्री केन्द्र तोक्ने र बालबालिकाहरुलाई किन्ने र बेच्ने दुबै कार्यमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

९७ लम्कीचुहा नगरवासीको लागी **अनिवार्य स्वास्थ्य बिमा** कार्यक्रमलाई निरन्तरता दिइने छ

९८ **घर-घरमा परामर्श, टोल-टोलमा स्वयमसेविका** कार्यक्रमलाई निरन्तरता दिई मासिक रु. १०००।- (एक हजार) का दरले महिला स्वयम्सेविकाहरुलाई प्रोत्साहन भक्ता उपलब्ध गराईनेछ ।

९९ विद्यालय भित्र र बाहिर प्रथमिक उपचार तथा किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वाथ्य कार्यक्रम सञ्चालन गरि विद्यार्थीहरुलाई आवश्यक **मनोविमर्श कार्यक्रम मानसिक स्वास्थ्य** सम्बन्धिका कार्यक्रमहरु संचालन गरिने छन ।

१०० प्रयेत्क घरमा शौचालयको व्यवस्थाका साथै विद्युतिय चुलो, सुधारिएको चुलो, ग्यास चुलो, वायो ब्रिकेट, सौर्य उर्जा आदिको प्रयोग गरी सबै घरहरुलाई धुवारहित बनाउन पहल गरिने छ । साथै बाहिरी प्रदुषण नियन्त्रणका लागी उद्योग कलकारखानाबाट उत्पादन हुने हानिकारक धुलो धुवा र रसायनको उचित व्यवस्थाका लागी निश्चित मापदण्ड निर्धारण गरि कार्यान्वयन गराइनेछ ।

१०१ प्रत्येक वडा तहमा स्वस्थ्य जाँच (**घुम्ती शिविर**) अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०२ लागुपदार्थ तथा बालदुर्व्यसनिमा फसेका युवाहरुका लागि मनोविमर्श कार्यक्रम मार्फत जनचेतना जगाउने कार्यलाई निरन्तरता दिईनेछ ।

१०३ लम्कीचुहा नगरपालिकालाई यसै वर्ष पूर्ण खोप सुनिश्चितता दिगोपना कार्यक्रम सञ्चालन गरिनेछ ।

१०४ सडक दुर्घटना, कार्यस्थलमा हुने अपाङ्गता रोक्ने, नसर्ने रोग सम्बन्धी कार्यक्रम, लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम, किशोर किशोरी कार्यक्रम अर्न्तगत महिनावारी स्वास्थ्य व्यवस्थापन स्कूलमा स्यानेटरी प्याड वितरण, हात्ती पाईले रोग विरुद्धको कार्यक्रम, चर्मरोग शिविर सम्बन्धी कार्यक्रम, निःशूल्क पाठेघर सम्बन्धी कार्यक्रमप लगायतका कार्यक्रमहरु संचालन गरिने छ ।

१०५ भ्याक्सिनेशन कार्यक्रमका लागि कोल्ड चेन स्टोर स्थापना, ढुवानी, Zero Home Delivery कार्यक्रम संचालन गरिने छ ।

१०६ HIV संक्रमितहरुका लागि जनचेतनामूलक कार्यक्रमका साथै ART Center सञ्चांलन गरि औषधी सहज उपलब्ध गराउने व्यवस्था गरिने छ ।

१०७ थारु समुदायमा मात्र देखिने सिकलसेल एनिमिया सम्बन्धी शिविर सञ्चालन गरी निःशुल्क उपचार गर्न पहल गरिनेछ ।

१०८ समाजका अनुभवी व्यक्तित्व जेष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई स्वास्थ्य जेष्ठ नागरिक बनाउने अभियानलाई मूर्तरुप दिईनेछ ।

१०९ **खोपसँग मेयर कार्यक्रम** सञ्चालन गरिनेछ ।

११० लम्कीचुहा नगरपालिकाको १५ शैयाको अस्पतालका लागि एम्बुलेन्स उपलब्ध गराइनेछ ।

**संस्कृति विकास कार्यक्रम :**

१११ बहुजातिय,बहुभाषिक बहुसांस्कृति तथा बहुधार्मिक रुपले ऐतिहासिक महत्व झल्किने गरी सामाजिक सदभाव कायम राख्न बहु-सांस्कृतिक कला केन्द्र तथा संग्रहालयको स्थापनाको लागि विशेष पहल गरिने छ ।

११२ नगरबासीको चाहाना अनुरुप कर्णाली नदिक्षेत्र र अन्य निश्चित स्थानहरुमा व्यवस्थित विद्युतिय शवदाह स्थल अर्थात अन्तिम संस्कार स्थल निर्माणको सम्भाव्यता अध्ययन गरि उपयुक्त स्थानमा निर्माण कार्यको आवश्यक पहल गरिने छ ।

११३ लम्कीचुहा नगरपालिका क्षेत्रभित्रका अष्टोत्तर शत महालक्ष्मी मन्दिर, त्रिनेत्रेश्वर धार्मिक संस्था र चन्द्रमौलेश्वर मन्दिरलाई धार्मिक पर्यटकिय संस्थाको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११४ नगर क्षेत्रभित्र स्थानीय सडक तथा मुख्य-मुख्य चोकहरुको नामाकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

११५ नगर क्षेत्रभित्र रहेका विभिन्न मठ मन्दिर, चर्च तथा सत्संग भवनको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

११६ यस नगर क्षेत्र भित्र विभिन्न सांस्कृतिक पहिचानहरुको संरक्षण र सम्बर्द्धन गर्न (थारु झाँकी, सुदुरपश्चिमेली लोक देउडा, हुड्के नाच, होरी देउडा, मयुर नाच, मारुनी नाच) लगायतका संस्कृतिको जर्गेना गर्न विभिन्न पञ्चे बाजा तथा आवश्यक संस्कृतिको संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

११७ नारीको महानपर्व हरितालीका तिजको संरक्षण तथा प्रवर्द्धनका स्थानीय पर्वका रुपमा मनाइने छ ।

११८ हिन्दुको महानचार्ड वडादशैको संरक्षण र विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

११९ थारु जातिको ठूलो चाड माघि बिशेष कार्यक्रम ल्याई सो को संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइने छ ।

१२० संविधान दिवस, महिला दिवस जस्ता दिवसहरु बिशेष महत्वका साथ मनाईनेछन ।

१२१ थारु जातिको कला संस्कृतिको जर्गेना तथा संरक्षणका कार्यक्रमका लागि जोड दिईने

१२२ नगर क्षेत्र बसोबास गर्ने विविध जातजाति धर्मसंस्कृति, रहन सहन, रितिरिवाजको संरक्षण तथा सो को प्रवर्द्धनका लागि बजेटको व्यवस्था गर्न पहल गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

१२३ वेरोजगार युवालाई लक्षित गर्दै लोकसेवा तयारी कक्षा, लेखा व्यवस्थापन सम्बन्धी तालिम लगायत अर्न्तराष्ट्रिय भाषागत एवं सिपमुलक तालिम संचालन गरिनेछ ।

१२४ विभिन्न जनयुद्ध तथा जनआन्दोलनमा घाईते तथा अपांगता भएका व्यक्तिहरुको प्रोत्साहनका लागि आवश्यक व्यवस्था गर्न विशेष पहल गरिनेछ ।

१२५ गरिवि न्यूनिकरण तथा बेरोजगार व्यक्तिहरुलाई रोजगार बनाउन मागमा आधारित सीपमूलक तालीमको व्यवस्था गरिनेछ ।

१२६ महिला शसक्तिकरण तथा उत्थानका लागि महिला आयआर्जन तथा आत्मनिर्भरतामुखी कार्यक्रमहरु लागु गरिने छ ।

१२७ बाल बिवाह, बहु विबाहलाई पूर्णतः निषेध गर्न प्रयत्न गरिने छ ।

१२८ आदिवासी/जनजाति सम्बद्ध कार्यक्रमहरु संचालन गरिनेछन ।

१२९ लम्कीचुहा नगरक्षेत्र भित्रका रातो कार्ड प्राप्त अपांगता र निलो कार्ड प्राप्त दृष्टिविहिन अपांगताहरुका लागि मासिक ५००।- रुपैया प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३० महिला बेचविखन, घरेलु हिंसा, लैंगिक हिंसा विरुद्ध विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छन ।

१३१ नगर क्षेत्रभित्र विकृतिको रुपमा रहेको जुवातासलाई सामाजिक कलंकको रुपमा लिदै जुवातासमुक्त नगर निर्माण गर्न जुवा तासलाई पूर्ण निषेधित गरिने छ ।

१३२ दलित तथा विपन्न वर्गको जीवन स्तर उकास्नका लागि सशक्तिकरण उत्थानका कार्यक्रमहरु संचालन गरिने छ ।

१३३ लैगिंकसमानता तथा सामाजिक समावेशिकरण अर्न्तगत रहेका विभिन्न लक्षित समुदायका सस्थाहरुका लागि अनुदान स्वरुप भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

१३४ नगर क्षेत्रभित्र प्रयोग गरिने मदिरा, सुर्तिजन्य पदार्थ, चुरोट लगायतका मद्यपान तथा धुम्रपानको बिक्रि, वितरणलाई कडाईका साथ व्यवस्थित गरिने छ ।

१३५ बाहिरी मुलुकमा काम गर्न गई जोखिममा परेका कामदारका परिवारलाई जीविकोपार्जनका लागी आवश्यक सहयोगका लागी पहल गरिनेछ ।

१३६ लम्कीचुहा नगरपालिकाको वडा नं. ३ बलचौरका बादी समुदायहरुका लागि सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३७ दृष्टिविहिन तथा अति अपांगता भएका व्यक्तिहरुका लागि विशेष प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गरिने छ ।

१३८ सामाजिक सुरक्षा भत्ता वडा कार्यालयको काउण्टर मार्फत सम्बन्धित वडा कार्यालयमा वितरण गरिने प्रयत्न गरिने छ ।

**खानेपानी पूर्वाधार कार्यक्रम :**

१३९ लम्कीचुहा नगरपालिका अर्न्तगत बलिया खानेपानी, चौरी खानेपानी, प्रतापपुर खानेपानी, हरियापुर खानेपानी र खरौला खानेपानीको निर्माण योजना यसै वर्ष सम्पन्न गरिनेछ । साथै, वडा नं. ८ को डमरिया खानेपानी र वडा नं. ६ को लम्कीचुहा खानेपानीको निर्माण कार्य यस आर्थिक वर्षदेखि प्रारम्भ गरिनेछ ।

१४० नगरबासीले स्वच्छ पिउने पानी पिउन पाउनु पर्ने अधिकारको सम्मान गर्दै खानेपानी उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्र निर्माणधिन अवस्थामा रहेका खानेपानी आयोजनाहरुलाई तदारुकताका साथ संचालनमा ल्याइने छ ।

१४१ लम्कीचुहा नगरक्षेत्र भित्र संचालित खानेपानी आयोजनाहरुको मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१४२ नगर क्षेत्रभित्रका खानेपानी हेण्डपम्पहरुमा आउने पानीको परीक्षण गरी शुद्ध पिउने पानीका व्यवस्था गरिनेछ ।

## ग.भौतिक पूर्वाधार विकास तर्फ :

**बस्ती विकास, शहरी योजना तथा भवन निर्माण :**

१४३ नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो छरितो र जनतालाई सुविधामुखि बनाउन नगरपालिकाको निर्माधिन भवनलाई क्रमागत योजनामा समावेश गरिनेछ । साथै नगरपालिका अर्न्तगत सबै वडा कार्यालयको भुकम्प प्रतिरोधात्मक नक्सांकनको आधारमा अपाङ्ग तथा बालमैत्री स्थायी भवन निर्माण गर्ने कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ

१४४ लम्कीचुहा नगरपालिका क्षेत्रको मुख्य सडक तथा बजार क्षेत्रलाई व्यवस्थित बनाउन सडकमा भएका खाल्डा खुल्डीहरु पुर्ने र अव्यवस्थित सडकलाई भरान र पटानी कार्य गरिनेछ ।

१४५ लक्षित वर्ग अर्न्तगतका निर्माणाधिन अवस्थामा रहेका भवनहरुमा आवश्यक बजेटको व्यवस्था गरिने ।

१४६ नगरपालिकाको क्षेत्रभित्र वडा नं. ४ भल्का महेन्द्र राजमार्गको दक्षिण भागमा रहेको करिब डेढ विगाह जग्गामा करिब ७५० सिट क्षमताको आधुनिक सुविधा सम्पन वहुउद्देश्यिय भवन ऋष्तथ ज्बीी निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्न विशेष पहल गरिनेछ ।

१४७ लम्कीमा रहेको बसपार्कलाई आधुनिक बसपार्क बनाउन आवश्यक बजेट बिनियोजन गरिनेछ ।

१४८ नगरपालिकाको प्रत्येक वडामा सार्वजनिक कार्यक्रमहरु संचालन गर्नका लागि एक वडा एक सामुदायिक भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१४९ सार्वजनिक रुपमा कब्जा गरिएका वा मिचिएका बाटा, नाला तथा कुलाहरु यथाशिघ्र खाली खर्न लगाई व्यवस्थित शहर निर्माणमा विशेष जोड दिइने छ ।

१५० लम्कीचुहा नगरपालिकाले संचालन गरेको अतिक्रमित सडक खाली गर्ने अभियानलाई निरन्तर जारी राख्दै नगरपालिकाको प्रवेशद्धारदेखि सिमाक्षेत्र सम्म महेन्द्र राजमार्गलाई हराभरा तथा सौन्दर्य बनाउन राजमार्गको किनारमा वृक्षारोपण गरी हरितमार्गको विकास गरिने छ ।

१५१ सुन्दर नगर, हराभरायुक्त शहर निर्माण गर्न बजारक्षेत्रको उचित व्यवस्थापनका लागि विशेष नियमन गरिने छ ।

१५२ अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न हाल साविक **पुनःसर्वे नापी** कार्यलाई व्यवस्थित गरिनेछ ।

१५३ लम्कीचुहा नगरपालिका वडा नं. १ स्थित वृद्धवृद्धा संरक्षण समितिको अधुरो भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५४ लम्कीचुहा नगरपालिका वडा नं. २ भल्का स्थित महिला विकास सञ्जालको अधुरो भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५५ लम्कीचुहा नगरपालिका वडा नं. २ मोतिपुरमा निर्माणाधिन अवस्थामा रहेको जेष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माणका लागि आवश्यकता अनुसार थप बजेटको व्यवस्था गर्न पहल गरिनेछ ।

**सिचाई :**

१५६ सामुहिक तथा व्यवसायिक खेतीका लागि कृषक/कृषि समुह तथा कृषि सहकारी संस्थाहरुलाई सिचाई व्यवस्थाका लागि बोरिङ्ग पम्पसेट अनुदान उपलब्ध गराईनेछ ।

१५७ वैकल्पिक सिचाईको व्यवस्थाका लागि भुमिगत सिचाईको आवश्यक पहल गरिनेछ ।

**स्थानीय सडक पुल तथा भोलुङ्गे पुल :**

१५८ सडक कालोपत्रे योजनालाई विशेष प्राथमिकतामा राखि नगरक्षेत्रभित्र संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको संयुक्त लगानिमा यस आर्थिक वर्षभित्र करिब ३० कि.मी.सडक कालोपत्रे गरिनेछ ।

१५९ व्यवस्थित नगर निर्माणको अभियान अर्न्तगत ढल तथा नाला व्यवस्थापन, कर्ल्भट, ह्युमपाईप, खानेपानी पाईप, विद्युत पोल, सडक बत्ति, सौर्य बत्ति जडान तथा सडक किनारामा वृक्षारोपण सहितको एकिकृत विकास गरिने छ ।

१६० प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत नगर क्षेत्रभित्रका सडकमा ग्राभेल तथा सडकको स्तरोन्नती कार्यलाई यस आ.व. मा समेत निरन्तरता दिई आवश्यक बजेट बिनियोजन गरिनेछ ।

१६१ लम्कीचुहा नगरपालिकासंग जोडिएका देहाय बमोजिमका अति महत्वपूर्ण आयोजना निर्माणका लागि संघिय सरकार तथा राष्ट्रिय गौरवको आयोजना रानीजमरा कुलरिया सिचाई परियोजनासंग बजेट व्यवस्थाको माग गरी यथाशिघ्र कार्यान्वयनका लागि जोडदार रुपमा विशेष पहल गरिने छ ।

- पदेश नं. ५ बर्दिया जिल्ला गेरुवा गाउंपालिकाको सरखौंल देखि लम्कीचुहा नगरपालिका वडा नं. ३ चिसापानी गोराङ्गे जोडन कर्णाली नदिमा नेपाल कै नमूना भोलुङ्गेपुल निर्माण गर्न विशेष पहल गरिनेछ ।

- राजिपुर कान्छीबजार जोड्ने रोरा नदिमा झोलुङ्गेपुल निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ।
- थापापुर देखि चौरी जोडने रोरा खोलामा पुल निर्माणका लागि विशेष पहल गरिनेछ।
- चौरीपुर देखि बावनपुर जोडने चोरी नदीमा पुल निर्माणका लागि विशेष पहल गरिनेछ ।
- गुलरा उत्तर देखि गप्का जोडने चरेला नदिमा झोलुङ्गेपुल निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ
- चुहा देखि तोरीपुर जोडने पथरिया नदिमा पुल निर्माणका लागि पहल गरिनेछ।
- लम्कीचुहा नगरपालिका वडा नं. १० तिघरीमा पुल निर्माणका लागि पहल गरिनेछ।
- वडा नं. ४ र ७ जोड्ने भलका नाला खरौलामा पक्की पुल निर्माणका लागि पहल गरिनेछ।
- लम्कीचुहा नगरपालिका वडा नं. ३ व्यवस्थितनगर शान्ति टोल जोड्ने धोवेनी खोलामा पक्की पुल निर्माणका लागि पहल गरिनेछ।
- पथरैया नदिमा पक्की पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ।

१६२ नगर क्षेत्रभित्रका अत्यावश्यक भएको स्थानमा ह्युमपाइप, कर्ल्भट तथा जैविक तटवन्धन योजनाको अवस्था हेरी निर्माण गरिनेछ।

१६३ लम्कीचुहा नगर क्षेत्र समेटिने गरी नगर चक्रपथ निर्माण कार्यको पहल गरिनेछ।

१६४ राष्ट्रिय गौरवको आयोजना सेती लोकमार्गको निर्माण कार्य द्रुत गतिमा सञ्चालन गर्न पहल गरिनेछ।

**उर्जा, लघु तथा साना जलविद्युत**

१६५ विद्युत सहकारी संस्थाहरुलाई ट्रान्समिटर खरिदका लागि अनुदान उपलब्ध गराइने छ।

१६६ सडकको किनारा तथा बिचमा अव्यवस्थितरुपमा रहेका विद्युत पोलहरुको व्यवस्थापनलाई

१६७ कार्यान्वयन गर्न सम्बन्धित निकायलाई पहल गरिने छ।

१६८ लम्कीचुहा झिलिमिली नगर बनाउन गर्न सडक बत्ति जडान कार्यलाई प्रभावकारी बनाउन गरिनेछ।

१६९ नगरपालिकाको प्रत्येक वडामा गोवर ग्याँसको प्रयोग र उपयोगमा जोड दिइनेछ।

**सुचना :**

१७० सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार गर्नका लागि नगरपालिकाको प्रत्येक वडा कार्यालयमा विद्युतीय सुचना पार्टीको अनिवार्य व्यवस्था गर्न र इन्टरनेट पद्धति अनिवार्य लागु गर्न पहल गरिने छ।

१७१ जनतासँग नगर प्रमुख कार्यक्रम लाई निरन्तरता दिई सुचना प्रवाहका लागि प्रत्यक्ष सार्वजनिक सम्वाद कार्यक्रम अनिवार्य लागु गरिनेछ।

१७२ लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका विभिन्न संचार माध्यमहरुलाइ नगरपालिकाका गतिविधिहरु, सुचना, विज्ञापन, कार्यक्रम प्रकाशन तथा प्रसारण, डकुमेन्ट्री निर्माणको आधारमा विकाससंग संचारकर्मी कार्यक्रमलाई विशेष जोड दिइने छ।

१७३ नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो तथा टी.भी.को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिने छ।

## घ.वातावरण तथा विपद व्यवस्थापन क्षेत्र :

**जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण**

१७४ जलवायु परिवर्तनबाट मानव स्वास्थ्यमा पर्न गएको असरबारे जनचेतनामुलक गोष्ठी संचालन गरिने छ ।

१७५ जैविक विविधता संरक्षण मार्फत पानीको स्तर कायम राख्न र जलवायु अनुकुलनताका लागि नगर क्षेत्रका ताल तलैयाको संरक्षण तथा सम्बर्द्धन गर्न विशेष जोड दिइने छ।

१७६ नगरपालिकामा विपद् व्यवस्थापन केन्द्र र विपद् व्यवस्थापन कोष स्थापनाका माध्यमबाट आवश्यक पूर्व तयारी गरी प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षित वनाईने छ ।

१७७ नगर क्षेत्र भित्रका मुख्य सडक तथा सार्वजनिक स्थानहरुमा विकास साझेदारहरुको सहकार्यमा हरियाली विकास निर्माण गरि Clean and Green City अभियान सञ्चालनमा ल्याइनेछ ।

१७८ वारुण यन्त्र संचालनलाई प्रभावकारी बनाइने छ ।

## वातावरण संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन :

१७९ **स्वस्थ नागरिक, नगरको जिम्मेवारी** कार्यक्रमलाई प्रभावकारी बनाउन नगरक्षेत्रमा गठित टोल विकास संस्थाहरुलाई फोहोरमैला व्यवस्थापन, योजनाको निर्माण तथा योजनाको अनुगमन कार्यमा सहभागी गराई सबै नगरबासी नागरिकलाई विकासमा सहभागिताका लागि जवाफदेहिता कायम गराइने छ ।

१८० सफा र कटान रहित नदिनाला र स्वस्थ पर्यावरण, हरित उद्यान र स्वस्थ वातावरण निर्माण गर्न नगर क्षेत्रभित्र रहेका चोरी, रोरा, धुपेनी, पथरिया र चरेला नदि कटानले वर्षेनि मानविय बस्तीमा ठुलो क्षेतिपुग्न गएकोले सोको जोखिम व्यवस्थापन गर्न दिगो तथा वैज्ञानिक नदि तटबन्धन कार्यको शुरुवात भई सकेको स्थल नदि किनारमा वृक्षारोपण गरी पर्यावरणको विकास एवं हरितमार्ग निर्माण गर्ने ।

१८१ नगर क्षेत्र भित्र उत्पादित फोहोरमैला व्यवस्थापनका लागि फोहोरलाई मोहोरमा रुपान्तरण गर्न जैविक फोहोरबाट प्राङगारिक मल उत्पादन गर्ने र अजैविक फोहोरलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्थाको पहल गर्ने ।

१८२ फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

१८३ मानव मलमुत्र फोहोरमैला व्यवस्थापन प्रशोधन केन्द्र निर्माण गरि डेलिभरीको व्यवस्था गरिनेछ ।

१८४ बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा क्रमशः सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र संचालन एवं व्यवस्थापनको लागि पहल गरिनेछ ।

१८५ सार्वजनिक स्थलहरुमा फोहोर मैला फ्याक्ने, सुर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्ते लेखन गर्ने र मापदण्ड विपरितका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकुल असर पार्ने सामाग्रीको प्रयोगलाई पूर्णतः निषेधका लागि पहल गरिने छ ।

१८६ कुहिने फोहोरलाई प्राङ्गारिक मल बनाउने अभियानलाई प्रोत्साहन गरिने छ ।

१८७ नगर सरसफाई तथा फोहर व्यवस्थापन र नगरको शान्तीका लागि नगरबासीलाई परिचालन गरिनेछ ।

१८८ नगर क्षेत्र समस्या र आवश्यकताको पहिचानलाई मधयेनजर गरी उचित ढल व्यवस्थापन कार्यमा विशेष जोड दिइने छ ।

१८९ लम्की बजार क्षेत्रलाई ढल व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

## वन, भूसंरक्षण तथा जैविक विविधता :

१९० प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै वन क्षेत्रका दिगो वन विकास कार्यक्रम संचालन गरी स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण अभियानमा जोड दिइने छ ।

१९१ अव्यवस्थित औद्योगिकरणलाई व्यवस्थापन गर्दै सुन्दर नगर, सभ्य समाज निर्माण गर्न वातावरण संरक्षण तथा सम्बर्द्धनका कार्यक्रममा विशेष जोड दिइने छ ।

१९२ हरियो वन नेपालको धन भन्ने मान्यता लाई आधार मानी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु गर्न पहल गरिनेछ ।

१९३ कुल भुभागको कम्तिमा ४० प्रतिशत हरियाली वन क्षेत्र सुरक्षित गर्ने र वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व बढाउन विशेष पहल गरिनेछ ।

१९४ वृक्षरोपण कार्यलाई तिव्रता दिई निजी वन निर्माण अभियानलाई जोड दिइने छ।

१९५ सामुदायिक वनहरुमा जडीबुटी औषधी खेति गर्नलाई प्रोत्साहन गरिने छ।

१९६ एक वन एक नर्सरी, शुद्ध हावा स्वच्छ जीवन कार्यक्रम लागु गरिने छ।

१९७ धार्मिक वनहरुलाई प्रोत्साहनमुलक कार्यक्रममा समावेश गरिने छ।

१९८ सामुदायिक वन क्षेत्रभित्र चिल्ड्रन पार्क तथा नगर उद्यानहरु निर्माण गर्न पहल गरिनेछ।

१९९ एक वन एक उत्पादन क्षेत्र घोषणा गरी सामुदायिक वन क्षेत्रभित्रको जग्गामा मसलाजन्य विरुवा तथा जडिबुटी लगाई व्यवसायिक खेति प्रणालीको शुरुवात गरिनेछ।

२०० वडा भेलाबाट छनौट भई आएका योजना अर्न्तगत जैविक तटबन्धन कार्यक्रमलाई प्राथमिकताका साथ जोड दिइने छ।

२०१ लम्कीचुहा नगरपालिका अर्न्तगत कालोपत्रे सडकहरुमा अनिवार्य रुपमा हरितमार्ग सहितको वृक्षारोपण गरिने छ।

२०२ **एक घर पाँच रुख** अभियानलाई विशेष कार्यक्रमका साथ लागु गरिने छ।

२०३ एक वडा एक वन नीति अनिवार्य लागु गरी कार्यान्वयनमा ल्याइने छ।

२०४ जलचर नीति लागु गरी कार्यान्वयन गरिनेछ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन :

२०५ स्थानीय निकायका स्थायी/अस्थायी/करार, ज्यालादारी कर्मचारीको उचित व्यवस्थापन गरी कर्मचारीलाई कर्तव्यनिष्ठ, जनउत्तरदायी, सेवाप्रति बफादार बनाइने छ।

२०६ कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिनेछ।

२०७ प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२०८ लम्कीचुहा नगरपालिकाका स्थायी कर्मचारीहरुका लागी कर्मचारी कल्याण कोषका व्यवस्था गरिनेछ।

२०९ कार्यालय समयको अतिरिक्त समयमा काम गर्ने कर्मचारीहरुलाई नियमानुसार प्रोत्साहान भत्ता उपलव्ध गराईनेछ।

२१० नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका सम्पूर्ण शाखा तथा वडा कार्यालयहरुमा नागरिकको सहजताको लागि नागरिक वडापत्र को व्यवस्था गरिनेछ।

२११ नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ।

२१२ नगरपालिका तथा वडा कार्यालयहरुवाट प्रवाह हुने पञ्जिकरणलाई स्फट्वेयरको माध्यामवाट प्रविधिमैत्री बनाइनेछ।

२१३ नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शि बनाई सूचनामा नागरिकको पहुँच बढाउन विद्युतिय सुचना पाटीको व्यवस्था गरिनेछ।

२१४ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अवलम्बन गरिनेछ।

२१५ लम्कीचुहा नगरवासीलाई न्यायिक समिति मार्फत छिटो छरितो रुपमा न्याय दिनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाईनेछ।

२१६ नगरपालिकाको सेवा सञ्चालनसंग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ।

२१७ लम्कीचुहा नगरपालीकाले स्वीकृत गर्ने कानुनहरु तथा निर्णयहरु सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशन गर्न प्रारम्भ गरिनेछ।

२१८ लम्कीचुहा नगरपालिका क्षेत्रभित्रको महत्वपूर्ण ठाँउहरुमा सी.सी. क्यामरा जडान गरी शान्ति सुरक्षालाई मजबुत बनाईनेछ ।

२१९ सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सार्वजनिक सेवालाई चूस्त, दुरुस्त र प्रभावकारी बनाइने छ ।

२२० नगरबासीको हातहातमा नगरपालिकाको सेवा सुविधा र सूचना पुर्याउनका लागी लम्कीचुहा नगरपालिका नामक मोबाइल एप्पको र डिजिटल नागरिक वडापत्रको निर्माण गरिएको छ र यी सेवालाई परिस्कृत गरिदै लगिनेछ

२२१ नगरपालिका भित्रका सरकारी कार्यालयमा केन्दिकृत हाजिरीको व्यवस्थागरि ताँहा कार्यालयका काम कारर्वाही नगरपालिकाबाट नै नियमन र अनुगमन गरिने छ ।

२२२ प्रत्येक सरकारी कार्यालयको सेवाप्रवाह र अन्य काम कारबाहीमा पारदर्शिता ल्याउन डाटा केन्द्रिकृत गरिने गरि समानखालका सफ्टवेयरको व्यवस्था गरिने छ ।

२२३ नगरका सेवा र सूचनाहरु अनलाइनमार्फत प्रवाहित गरि सेवा र सूचनामा सबैको पहुच पुर्याउन नगरपालिका र यसका वडाहरुबाट उपलब्ध हुने सेवाहरुलाई विद्युतीय प्रणालीका माध्यमबाट उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

२२४ साइबर सुरक्षासंग सम्बन्धि जनचेतना कार्यक्रम, गोष्ठि, सेमिनार र तालिम संचालन गरिने छ ।

२२५ नगर तथा वडामा गुनासो सुनुवाई समिति तथा वडा स्तरिय मेलमिलाप समिति गठन गरि न्यायिक समितिको काम कार्बाहीलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

**वित्तिय व्यवस्थापन र सुशासन :**

२२६ राजश्व संकलन तथा त्यसको परिचालन न्यायोचित तथा मितव्ययी बनाईनेछ ।

२२७ नगरपालिका अन्तर्गतका शाखा तथा कार्यालयवाट सम्पादन हुने सम्पूर्ण कार्यहरुको बारेमा आम नागरिकमा जानकारी तथा सुझाव संकलनका लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।

२२८ नगरकार्यपालिका तथा अन्तर्गतका शाखा तथा कार्यालयहरुवाट सञ्चालन गरिएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सम्वन्धित स्थानहरुका लाभान्वित समुदायसंग सो योजना तथा कार्यक्रमको बारेमा सामाजिक परिक्षण गरिनेछ ।

२२९ नगरकार्यपालिकाको कार्यालयवाट विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी दिईदा भुक्तानी दिईएको रकम तथा विवरण कार्यालयको नोटिस बोर्डमा राख्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

लम्कीचुहा नगरपालिकाको विकासको गतिलाई समृद्धिको यात्रामा लक्ष्य उन्मुख बनाउन तय गरिएका निति, कार्यक्रम तथा योजनाहरुलाई प्रभावकारी र वैज्ञानिक एवं निरन्तर कार्यान्वयन गर्न सवै तह र तप्काबाट निरन्तर सहयोग र सहकार्य हुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।

यस नगरसभा अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रम निर्माण गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, क्रियाशिल राजनितिक दलका मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्युहरु, नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु लगायत नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । लम्कीचुहा नगरको समग्र विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म लम्कीचुहा नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गदै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने विश्वास गर्दछु ।

........................

महादेव बजगाई

नगर प्रमुख

हार्दिक धन्यवाद सहित अभिबादन !!

**१० असाढ २०७६**